# हरिहरपुरगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
झनझने, सिन्धुली
बागमती प्रदेश, नेपाल

प.सं. २०८०/०८१
सु.नं. ९२

## माछा पोखरी ठेक्काको पुनः प्रकाशित सूचना
## सूचना प्रकाशन मितिः २०८०।०५।२५

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम यस गाउँपालिकाको स्वामित्व र संरक्षणमा रहेको तपसिल अनुसारको माछा पोखरीको ठेक्का आ.व. २०८०/०८१ देखि ३(तीन) वर्ष ठेक्का बन्दोबस्त गर्नको लागि मिति २०८०।५।०८ मा प्रथम पटक प्रकाशित सूचनाको अन्तिम दिन मिति २०८०।०५।२४ गतेसम्म आवस्यक संख्यामा शिलवन्दी दरभाउ पत्र पेश हुन नआएकोले सम्बन्धित सरोकारवालको जानकारिको लागि पुनः यो सूचना प्रकाशित गरिएको छ । सुचना प्रकाशन भएको मितिले ७ औं दिनको कार्यालय समय भित्र खरिद गरि ८औं दिनको १२:०० बजे भित्र ईच्छुक नेपाली नागरिक (व्यक्ति वा फर्म) ले देहायका शर्तहरुको अधिनमा रही शिलबन्दि दरभाउ पेश गर्न यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि नं | ठेक्का लगाउने पोखरी | पोखरीको क्षेत्रफल (बिघा) | ठेक्का लगाउने अवधि | ठेक्काको किसिम | न्युनतम अङ्क (भ्याट बाहेक) | बिड खरिद शुल्क रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कुण्ड पोखरी हरिहरपुरगढी गा.पा., वडा नं. ७ | २-००-०० | ३ वर्ष | नगद | ३,६०,०००।– (अक्षेरुपी तीन लाख साठी हजार मात्र) | १०००।- | |

ठेक्काका शर्त तथा बन्देजहरुः

१. दरभाउपत्र खरिद गर्ने ईच्छुक व्यक्तिले लिखित निवेदन पत्रसाथ आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा फर्म वा कम्पनिले फर्मको लेटरप्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ नविकरण भएको ईजाजत पत्र ,प्यान/भ्याट रजिष्ट्रेशन प्रमाणपत्र,करचुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सुचना प्रकाशन भएको मितिले ७ औं दिन अर्थात २०८०/०५/३१ गते कार्यालय समय भित्र उल्लेखित दरभाउपत्र फाराम दस्तुर (पछि फिर्ता नहुने) तिरी यस कार्यालयको प्रशासन शाखाबाट खरिद गर्न सकिनेछ ।

२. खरिद भएको फाराममा सबै विवरण प्रष्टसंग भरेको प्रस्ताव तथा विड डकुमेन्ट खरिद गरेको रसिद संलग्न राखि शिलबन्दी खाममा लाहाछाप लगाई हरिहरपुरगढी गाउँपालिकाको कार्यालय झनझनेमा पेश गर्नु पर्ने छ ।

३. सकार गर्ने कबोल अङ्क शिलबन्दी गरि मिति २०८०/०६/०१ गते दिनको १२:०० बजे सम्म यस गाउँपालिकामा पेश गरि सक्नु पर्नेछ । कार्यालयमा पेश हुन आएको शिलबन्दी खाम सोही दिनको २:०० बजे हरिहरपुरगढी गाउँपालिकाको कार्यालयमा खोलिनेछ । शिलबन्दी खोलिने समयमा ठेक्काका लागि आवेदन दिएका व्यक्ति व फर्महरु प्रत्यक्ष वा आफ्ना प्रतिनिधि मार्फत सहभागी हुनु पर्नेछ । आवेदन दिएका कुनै फर्म वा व्यक्ति सहभागी नभएमा ठेक्का प्रकृया अघि बढाउन कार्यालयलाई कुनै बाधा पर्ने छैन । खरिद गर्ने अन्तिम दिन र पेश गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट हुनेछ ।

४. सकार गर्ने व्यक्ति वा फर्मले आफुले सकार गर्ने अंकको ५% ले हुन आउने रकम धरौटी/जमानत यस गाउँपालिकाको नाममा सिटिजन्स बैंक, हरिहरपुरगढी शाखामा रहेको धरौटी खाता नं. ०७३०१००००००२३२०१ मा जम्मा गराई सक्कल बैंक भौचर सहित शिलबन्दी गरि बुझाउनु पर्नेछ । विदेशि नागरिक वा फर्मको हकमा कुल सकार अङ्कको १०% ले हुन आउने रकम धरौटी/जमानत स्वरुप राख्नु पर्नेछ ।

५. ठेक्का स्विकृत भएको मितिले ७(सात) दिनभित्र एकमुष्ठ रकम जम्मा गरेमा १०% रकम छुट दिईनेछ तर किस्तामा बुझाएमा यो सुविधा प्राप्त हुने छैन । ठेक्काको हकमा ठेक्का सम्झौता गर्दा प्रथम किस्ता वापतको रकम ५०% हुन आउने रकम बुझाउनु पर्नेछ। दोश्रो किस्ता २५% रकम २०८१/०८२ श्रावण मसान्त भित्र र तेश्रो किस्ता २५% रकम आ.व. २०८२/०८३ को श्रावण मसान्त भित्र बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम बुझाईसकेपछि मात्र धरौटी वापतको रकम फिर्ता गरिनेछ । तोकिएको समयमा किस्ता नबुझाएमा वा गाउँपालिकाको शर्तहरुको पालना गरेको नपाईएमा धरौटि जफत गरि ठेक्का रद्ध गर्न कार्यालय बाध्य हुनेछ ।

६. गाउँपालिकालाई पेश्की रकम जिन्सी बुझाउन बाँकी वा वेरुजु तिर्न बाँकि रहेको व्यक्ति/फर्म ले ठेक्का प्रकृयामा सहभागी हुन पाउने छैन । कुनै कारणबस त्यस्ता व्यक्ति/फर्मको ठेक्का स्विकृत भएमा पछि उल्लेखित विवरण जानकारी हुन आएमा ठेक्का बदर गरी धरौटी रकम समेत जफत गरिनेछ ।

७. बाढी बर्षा वा कुनै प्रकारले पोखरीको डिल भत्केमा वा बगाएमा ठेकेदारले स्वयम मर्मत गरी माछा पालन गर्नुपर्नेछ । सो कामको लागि लाग्ने मर्मत खर्च गाउँपालिकाले व्यहोर्ने छैन ।

८. ठेकेदार र गा.पा. बीच विवाद उत्पन्न भएमा हरिहरपुरगढी गाउँपालिकाले गरेको निर्णय दुवै पक्षलाई मान्य हुनेछ ।

९. पोखरीको माछा झिक्दा विषादीको प्रयोग, करेन्ट लगाउने वा विष्फोट गर्न पाउने छैन । उक्त पोखरी सफा राख्नु पर्नेछ । पोखरीमा नुहाउन, पानी लिन वा प्रचलित सामाजिक संस्कार मनाउन मनाही गर्न पाउने छैन ।

१०. ठेक्का सम्बन्धि अन्य कार्य प्रचलित कानुन बमोजिम हुनेछ ।

११. वढी कबोल अङ्क गर्ने ठेकेदारको ठेक्का स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा सुरक्षित रहनेछ ।

हरिहरपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भग्नभग्ने, सिन्धुली बागमती प्रदेश नेपाल २०७३

कान्ताराम प्याकोरेल
प्रमुख प्रशासकीय अधिकृत